# 'मेरो चोक' कविताका तत्व

**भुवेश्वरी बडू**
केन्द्रीय क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय
महेन्द्रनगर, नेपाल
Email: bhuweshwaribadu14@gmail.com | DOI: https://doi.org/10.3126/jdl.v2i1.65414

**लेखसार**

प्रस्तुत लेखमा 'मेरो चोक' कविताका संरचक घटकहरूको अध्ययन विश्लेषण गरिएको छ। गुणात्मक ढाँचामा संरचित यस अध्ययनमा विषयवस्तुको सङ्कलन पुस्तकालयीय कार्य र विषयवस्तुको विश्लेषण वर्णनात्मक विधिबाट गरिएको छ। यस अध्ययनमा भूपी शेरचनद्वारा लिखित 'मेरो चोक' कवितालाई कविताका संरचक घटकहरूका आधारमा अध्ययन विश्लेषण गरिएको छ। यस लेखमा कविताका सबै संरचक घटकहरू नभई यहाँ प्रस्तुत कविताको विषयवस्तु र भाषाशैलीय विन्यासको मात्र अध्ययन विश्लेषण गरिएको छ। 'मेरो चोक' कविता कवि भूपी शेरचनको 'धुम्ने मेचमाथि अन्धो मान्छे' (२०२६) कविता सङग्रहमा राखिएको उत्कृष्ट कविता हो। सर्वप्रथम २०११ सालमा नयाँ झ्याउरेका माध्यमबाट एकैचोटि पुस्तकार कृति ल्याएर नेपाली कविताका फाँटमा देखा परेका कवि भूपी शेरचनले यस 'मेरो चोक' कवितामा साँघुरो गल्लीमा अव्यवस्थित चोक रहेको र त्यहाँ रोग, भोग र शोक व्याप्त रहेको कुरा उल्लेख गरेका छन्। म, मानिस र देवता गरी तीन थरी सहभागीको प्रयोग गरिएको यस कवितामा वर्णित चोकलाई 'मेरो चोक' भन्ने 'म' पात्र यस कविताको समख्याता वक्ता एवम् यस कविताका मानिस र देवता दुवै प्रमुख सहभागीका रूपमा आएका छन्। कवि भूपी शेरचनद्वारा लिखित 'मेरो चोक' कविताका संरचक घटक अन्तर्गत विषयवस्तु र भाषाशैलीय विन्यासलाई मात्र अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

***शब्दकुञ्जी:*** उन्नत, असीम, उपियाँ, पुर्पुरो, लयात्मक

## विषय परिचय

भूपी शेरचन (१९९२-२०४६) नेपाली कविता क्षेत्रका प्रतिभाशाली कवि हुन्। उनको 'मेरो चोक' कविता २०२६ सालको साझा पुरस्कार प्राप्त 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविता संग्रहमा राखिएको उत्कृष्ट कविता हो। उनका अन्य प्रकाशित कृतिहरु नयाँ झ्याउरे (२०११), निर्झर (२०१५), भूपी शेरचनका कविता (२०५७) रहेका छन् भने परिवर्तन (२०१०) उनको नाट्य कृति हो। भूपी शेरचनले सर्वप्रथम वि.सं. २०११ सालमा प्रकाशित 'नयाँ झ्याउरे'कविता संग्रहका माध्यमबाट साहित्य जगतमा प्रवेश गरेका थिए। भूपी शेरचन स्वच्छन्दतावादी धाराका कविका रूपमा नेपाली साहित्यमा देखा परेका व्यक्ति हुन्। स्वच्छन्दतावादी कविका रुपमा यिनले नेपाली प्रकृतिको सुन्दर चित्रण र नारी सौन्दर्यको अनुपम वर्णन गरेका छन्। उनका कवितामा नेपाली संस्कृति र प्रकृतिको महिमागान गाएको पाइन्छ। नेपाली जातीय एवम् सांस्कृतिक महत्व

दर्साउदै वीरताको इतिहासप्रति गौरवबोध गर्ने हुनाले यिनलाई राष्ट्रवादी कवि भनिन्छ । दुःखी र असहायप्रति हार्दिक समवेदना व्यक्त गर्ने यिनका कवितामा मानवतावादी स्वर पनि गुञ्जिएको पाइन्छ । क्रान्ति र प्रगतिको विचार अगाडि सार्दा यिनका कवितामा मानवीय जिजीविषाको जीवन्त अभिव्यक्ति समेत गरिएको पाइन्छ । यसरी हेर्दा भूपी शेरचन मानवतावादी, राष्ट्रवादी र समानता तथा स्वतन्त्रताप्रेमी कवि हुन् । त्यसैगरी यिनका कवितामा देशभक्तिको स्वरसमेत अभिव्यक्त भएको पाइन्छ । साथै यिनले आफ्ना कवितामा निम्नवर्गीय समाजको चित्रणसमेत गरेका छन् । यिनी सुरुमा मार्क्सवादी चिन्तनबाट प्रभावित भएर प्रगतिवादी र पछि स्वच्छन्दतावादी हुँदै अन्तमा व्यङ्ग्यवादी कविको रूपमा कविता क्षेत्रमा स्थापित भएका देखिन्छन् । आधुनिक नेपाली कविताका क्षेत्रमा प्रगतिवादी, स्वच्छन्दतावादी र व्यङ्ग्यवादी कवि भूपी शेरचनका कविताहरू प्रगीतात्मक संरचनामा आवद्ध छन् । सरल, सहज र प्रभावोत्पादक भाषाशैलीमा कविता रच्ने उनी विशिष्ट शैलीका कवि हुन् । विशिष्ट लयोत्पादक एवं हृदयस्पर्शी गद्य कविता लेख्ने भूपी आफ्ना समयका लोकप्रिय कवि पनि हुन् ।

कुनै पनि साहित्यिक विधाका कृतिको निर्माणका लागि निश्चित अवयव आवश्यक रहेझैँ कविता कृतिका पनि  निश्चित संरचक घटक हुन्छन् । कवितालाई आकृति प्रदान गर्ने वा कविताको निर्माण गर्ने विभिन्न अवयवहरूलाई नै यसका संरचक घटक भनिन्छ । कृतिलाई स्वरूपगत पूर्णता प्रदान गर्ने वा अस्तित्वमा ल्याई निश्चित संरचना प्रदान गर्ने  आवश्यक अङ्ग वा अवयव नै त्यसका संरचक घटक वा तत्वहरू हुन् । विभिन्न घटकहरूको पारस्पारिक संयोजन र मेलबाट नै  कृतिको सिङ्गो संरचना निर्माण भई त्यसले स्पष्ट अस्तित्व र आकार प्राप्त गर्छ । साहित्यका छुट्टा छुट्टै विधालाई निर्माण गर्ने निश्चित संरचक घटकहरू हुन्छन् । कविता विभिन्न साना घटक मिलेर बनेको एउटा बृहत् संरचना वा घटक भएकाले यस ठुलो संरचनालाई स्पष्ट पार्न साना घटकहरूको अध्ययन विश्लेषणबाट मात्र सम्भव हुने हुनाले ती साना घटकहरू नै कविताका तत्व हुन् । 'मेरो चोक' कविताका संरचक घटकहरूमध्ये विषयवस्तु र भाषाशैलीका आधारमा कवितालाई अध्ययन विश्लेषण गरिएको छ । भूपी शेरचनको 'मेरो चोक'  कवितामा केन्द्रित भएर कविताका तत्वहरूमध्ये विषयवस्तु र भाषाशैलीय विन्यासको मात्र अध्ययन गर्नु यस लेखको मुख्य कार्य हो । भाषाशैली कविताको अनिवार्य र बाह्य संरचक घटक हो । कृतिको संरचक घटकका सन्दर्भमा भाषा, शैली, चयन, अग्रभूमीकरण, विम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । अन्य विधाका दाँजोमा कविताको भाषा लयात्मक, ध्वन्यात्मक, आलङ्कारिक र सौन्दर्यात्मक हुन्छ । कविताको शैली पद्य वा गद्य दुबै खालको हुन सक्छ । शैलीले कृतिको साहित्यिक संरचना र भाषिक संरचनालाई जोड्ने कार्य गर्दछ । यसरी कविताको भाषाशैलीय विन्यासले कवितालाई आकर्षक, रोचक र अन्वितिपूर्ण बनाउने कार्य गर्छ । त्यसैले यो कविताको अनिवार्य तत्वका रूपमा प्रस्तुत भएको हुन्छ । भाषाशैलीय विन्यास अन्तर्गत भाषाशैली, विम्ब, प्रतीक, अलङ्कार, लय, विचलन, समानान्तरता आदि बाह्य घटकहरू पर्दछन् ।

## समस्याकथन र उद्देश्य

प्रस्तुत अध्ययन 'मेरो चोक' कवितामा रहेका संरचक घटकहरू विषयवस्तु भाषाशैलीय विन्यासका आधारमा के कस्तो प्रयोग कसरी गरिएको छ भन्ने प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ । यस समस्यासँग संम्बन्धित शोध्य प्रश्न निम्न अनुसार रहेका छन् :-

- 'मेरो चोक' कविताका संरचक तत्वहरूमध्ये विषयवस्तु र भाषाशैलीय विन्यास के कस्तो छ ?
- 'मेरो चोक' कविताका संरचक तत्वहरूमध्ये विषयवस्तु र भाषाशैलीय विन्यास कसरी गरिएको छ ?

उपर्युक्त शोध्य प्रश्नको प्राज्ञिक अध्ययन गर्नु नै प्रस्तुत लेखको उद्देश्य रहेको छ । यिनै उद्देश्यहरूलाई परिपूर्ति गर्नका लागि निम्न अनुसारका उद्देश्य राखिएका छन् :-

- 'मेरो चोक' कविताको विषयवस्तुको अध्ययन गर्नु ,
- 'मेरो चोक' कवितामा प्रयुक्त भाषाशैलीय विन्यासको विश्लेषण गर्नु ।

## सैद्धान्तिक पर्यायधार

पूर्वीय साहित्यमा कवितालाई चिनाउन सर्वप्रथम काव्य शब्दको प्रयोग गरिएको थियो । पछि यस शब्दले प्रबन्धात्मक कविता रचनालाई जनाउन थाल्यो । यो साहित्यको जेठो र पुरानो विधा हो । पूर्वीय साहित्यशास्त्रका इतिहासमा एक खास साहित्यिक तत्वलाई प्रमुख मानि अन्य तत्वलाई त्यसका सहकारी तुल्याइ साहित्यिक तत्व निरूपण गरिएको पाइन्छ । बीसौं शताब्दीका उत्तरार्धका पाश्चात्य समालोचकमा पनि एक खास तत्वलाई मुख्य रूपमा अँगाली त्यसैका केन्द्रीयतामा अन्य साहित्यिक तत्वको संयोजन गरी साहित्यिक कृतिको विश्लेषण गरिएको पाइन्छ । यसै क्रममा जीवन र जगतका बाह्य र आन्तरिक अनुभवका स्रोत, स्वरूप, सामग्री वा उपादानमध्ये कुनै एक (सामाजिकता, सांस्कृतिक, विचार पक्ष मनोविज्ञान वा अन्य) लाई प्रधानता दिई वा त्यसको भावनात्मक परिणति (रस) लाई मुख्य कुरा मानेर पनि कवितालाई हेर्न सकिन्छ । तर यस पद्धति अन्तर्गत कविताका कथन पद्धति तथा भाषाशैली र लय लगायतका रूप संरचनालाई त्यस सामग्रीको भावनात्मक परिणतिका वाहकका रूपमा लिनुपर्ने हुन्छ (त्रिपाठी, न्यौपाने र सुवेदी,२०४६पृ.१६) । त्यस्तै कविता हिंडने भाषिक कथन वा संरचनाको (रीति : शैली) लाई मुख्य मानेर पनि कवितालाई हेर्न सकिन्छ र यस प्रकियामा त्यही भाषिक संरचनाका कत्थ्यलाई केलाइ कविताका लय लगायत भावात्मक उपादान र रूपात्मक संरचनालाई समेट्नुपर्ने हुन्छ ।

कुनै पनि साहित्य विधाका कृतिको निर्माणका लागि निश्चित घटक वा अवयवहरूको मेल हुनु आवश्यक छ । हरेक विधाका साहित्यिक कृतिलाई एउटा सिद्धवस्तुको सुस्पष्ट आकृति प्रदान गर्न त्यसमा अन्तर्निहित विभिन्न अवयवहरूले काम गर्दछन् । प्रत्येक कृति स्वयम् एउटा रचना हो । यसको निर्माण विभिन्न अवयवहरूको पारस्परिक सम्बन्धबाट हुन्छ । प्रस्तुत अध्ययनमा कविताका संरचक घटकहरूको विश्लेषणलाई सैद्धान्तिक पर्याधारका आधारमा 'मेरो चोक' कविताको विश्लेषण गरिएको छ । विश्लेषणका निमित्त वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अवलम्बन गरिएको छ । यस अन्तर्गत कविताका संरचक घटकहरूको सैद्धान्तिक पर्याधार यस प्रकार छ ।

कवितालाई एउटा सिंगो रूप प्रदान गर्नका निम्ति आवश्यक पर्ने तत्वहरूलाई नै कविताका संरचक घटक भनिन्छ। कृतिलाई पूर्ण स्वरूप प्रदान गर्न कविताका संरचक घटकको निर्माण भएको हुन्छ (लुइटेल, २०६७, पृ.१५) । कविता विभिन्न साना घटकहरू मिलेर बनेको एउटा पूर्ण संरचना हो । तसर्थ यसको अध्ययन विश्लेषणबाट मात्र कविताका पूर्णतत्वको अध्ययन सम्भव हुन्छ र ती साना घटकहरूलाई नै कविताका तत्व भनिन्छ। कविताका संरचक घटकहरू पूर्वीय र पश्चिमी साहित्यशास्त्र अनुसार फरक फरक छन् । पूर्वीय साहित्यशास्त्रका अनुसार रस, ध्वनि, रीति, वक्रोक्ति, अलङ्कार आदि पर्छन् भने पश्चिमी साहित्यशास्त्रका अनुसार विषयवस्तु, भाषाशैली, छन्द, लय, विम्ब, प्रतीक आदि पर्दछन् ।

समग्रमा यी दुबै पक्षलाई समेट्दा कविताका संरचक घटक वस्तु (भाव वा विचार, कथानक, द्वन्द्व), सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली रहेका छन् । भाव वा विचार प्रगीतात्मक, आख्यानात्मक एवं नाटकीय तीनै खाले संरचना भएका कवितामा कुनै न कुनै रूपमा आए पनि यसलाई मूलतः प्रगीतात्मक कविताको संरचक घटक मानिन्छ (लुइटेल, २०६७, पृ.१६) । कविताको विषयवस्तु नैतिक, औपदेशिक, भावनात्मक, रागात्मक, सौन्दर्यमूलक आदि जे पनि हुनसक्छ। त्यसैले भाव वा विचार कविताको महत्वपूर्ण तत्व हो । एक अर्कासँग सम्बन्धित घटनाहरूलाई योजनाबद्ध रूपमा निर्माण गर्नु कथानक हो । कुनै पनि कृतिको कथानकले त्यस कृतिको भाव वा विचारलाई उजागर गर्छ। कृतिमा घटनावलीको योजना, रूपरेखा वा ढाँचालाई कथानक भनिन्छ। घटना, कार्यव्यापार र आवश्यकता अनुसार द्वन्द्वको संयोजनबाट कथानक निर्मित हुन्छ।

दुई विरोधी शक्तिबिच हुने संघर्षलाई द्वन्द्व भनिन्छ। द्वन्द्व परस्पर विरोधी शक्ति, व्यक्ति वा परिस्थितिका बिचमा हुन्छ। द्वन्द्व हुनाका लागि विरोधी शक्तिको संलग्नता अनिवार्य रहन्छ। द्वन्द्वले कथानकलाई अघि बढाउनुका साथै रोचक समेत बनाउँछ। प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचना भएका कृतिमा कुनै न कुनै रूपले द्वन्द्व उपस्थित रहन्छ। तापनि प्रगीतात्मक संरचनामा यसको सामान्य विकास, आख्यानात्मक संरचनामा सहज विकास र नाटकीय संरचनामा तीव्र विकास हुन्छ । द्वन्द्व आन्तरिक (मानसिक) र बाह्य (शारीरिक) गरी दुई किसिमको हुन्छ (गौतम, २०६६, पृ. २४८) । कवितामा द्वन्द्वको सहभागीताले कृतिलाई गतिशील र जीवन्त बनाउँछ। तसर्थ कवितामा गतिमयता थप्न द्वन्द्व अनिवार्य मानिन्छ।

शैलीका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य साहित्यकारहरूले आ-आफ्नै ढङ्गले चर्चा गरेका छन् । साहित्यका मुख्य दुई पक्ष हुन्छन् एउटा भाव पक्ष अर्को शैली पक्ष प्राचीन विद्वानहरूमध्ये कतिपयले शैली पक्षलाई काव्यको आत्मा मानेका छन् भने कतिपयले भाव पक्षलाई काव्य साहित्यको आत्मा मानेका छन् । शैलीका सम्बन्धमा प्राचीन ग्रन्थ ऋग्वेदमा व्यापक रूपमा चर्चा परिचर्चा गरिएको पाइन्छ। यसमा गीतको शैली भद्र, नव्य, सुकृत, अभाद्र वृष्टिले सजिएको विजयी अश्वको समान तथा सुवृत्ति हुनुपर्दछ। जसले देवताहरूको ह्रदय छुन सक्छ (गौतम, २०६१, पृ.२३) । संस्कृत काव्यका प्रथम समीक्षक भरतले आफ्नो प्रसिद्ध ग्रन्थ नाट्यशास्त्रमा वृतिको रूपमा शैलीको चर्चा गरेका छन्। विषयवस्तु र भाषाशैली हरेक साहित्यक कृतिमा अनिवार्य तत्वका रूपमा रहने हुनाले यस अध्ययनमा पनि 'मेरो चोक' कविताका विषयवस्तु र भाषाशैलीको अध्ययन विश्लेषण गरिएको छ। यसरी यस कवितामा विषयवस्तु र भाषाशैलीले

कवितालाई मार्मिक बनाएका छन् । यसरी हेर्दा हरेक साहित्यिक कृतिका अनिवार्य घटक विषयवस्तु र भाषाशैली मानिन्छन् ।

भूपी शेरचनद्वारा लिखित 'मेरो चोक' कविताका विषयवस्तु र भाषाशैलीय विन्यासको निर्धारित कविताका आधारमा अध्ययन विश्लेषण गरिएको छ । कविताको विषयवस्तु र भाषाशैलीय विन्यासको अध्ययन विश्लेषण गर्ने क्रममा साँघुरो गल्लीमा अवस्थित चोकमा रोग, भोग र शोक व्याप्त रहेको कुराको विश्लेषण गरिएको छ । यस अन्तर्गत त्यस चोकमा अनावश्यक र नकारात्मक कुरा जति सबै हुने गरेको र आवश्यक र सकारात्मक कुरा केही पनि नभएको, त्यसमा समेत सरकारले प्रतिबन्ध लगाएको कुराको समेत विश्लेषण गरिएको छ । विषयवस्तु र भाषाशैलीय विन्यास अन्तर्गत चोक छ, रोग छ, भोग छ, शोक छ जस्ता समध्वन्यात्मक छोटा वाक्यीय एकाइहरूको पुनरावृत्तिबाट अनुप्रासको सिर्जना भई कविता सहज रूपमा लयात्मक बनेको यथार्थको विश्लेषण गरिएको छ । यस कविताको साँघुरो गल्लीमा 'मेरो चोक' छ । यहाँ के छैन, सब थोक छ । पङ्क्ति पुञ्जको पुनरावृतिले कवितालाई कसरी लयात्मक बनाएको छ भन्ने कुराको अध्ययन विश्लेषण यहाँ गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत 'मेरो चोक' कविताका विषयवस्तु र भाषाशैलीय अध्ययन विश्लेषणका लागि विषयसँग सम्बन्धित सामग्री निम्न अध्ययन विधि अपनाई विश्लेषण गरिएको छ :-

### सामग्री सङ्कलन

यस अध्ययनलाई प्रभावकारी व्यवस्थित र गुणात्मक बनाउनका लागि सामग्री सङ्कलन तथा विश्लेषण आवश्यक हुन्छ । यसलाई पूर्णता प्रदान गर्न प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री संकलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा भूपी शेरचनद्वारा लिखित 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविता संग्रहमा राखिएको 'मेरो चोक' कवितालाई ल्याइएको छ भने द्वितीयक सामग्रीका रूपमा शोध्य विषयसँग सम्बन्धित लेख रचना, पत्रपत्रिका, समालोचनात्मक ग्रन्थ, अनुसन्धानमूलक लेखका साथै इमेल, इन्टरनेट, युट्युब आदिबाट कवितासँग सम्बन्धित लेख रचनालाई समेत उपयोगमा ल्याइएको छ ।

### सामग्री विश्लेषण विधि

यस अध्ययनमा उठाइएका समस्याको समाधानका लागि भूपी शेरचनको 'मेरो चोक' कविताका संरचक घटकहरूमध्ये विषयवस्तु र भाषाशैलीय विन्यासको अध्ययन विश्लेषण गरिएको छ । यस कवितामा कविद्वारा साँघुरो गल्लीमा रहेको अव्यवस्थित बस्तीमा रोग, भोक र शोक फैलिएको र त्यहाँ हर्ष नभई विभिन्न खालका असहज परिस्थति मात्र रहेको र त्यसमाथि पनि सरकारले प्रतिबन्ध समेत लगाएकोले त्यहाँ बस्ने मानिस र देवता दुवै थरी उदास र निराश रहेका र मानिस निराश हुनुको कारण दिनभर रूपैंयाले टोक्ने रातभर उँपैंयाले टोक्ने र देवता निराश हुनुको कारण न कसैले पुज्ने र न कसैले ढोग्ने प्रवृत्तिको कवितामा

विश्लेषण गरिएको छ । यस कविताका संरचक घटकहरूमध्ये कवितामा रहेको विषयवस्तु के कस्तो छ ? उक्त विषयले सहरिया प्रवृत्तिलाई कसरी चित्रण गरेको छ भन्ने कुराको विश्लेषण गरिएको छ । यस अध्ययनमा भाषाशैलीय विन्यासका रूपमा केही व्याकरणिक र आर्थी विचलनको सहजतापूर्वक विश्लेषण गरिएको छ । यसमा अनुप्रासीयताका अतिरिक्त अग्रभूमीकरण, समानान्तरता, पुनरावृत्ति आदिको सघन पठन गरी समस्याको प्राज्ञिक समाधान खोजिएको छ । पुस्तकालयीय स्रोतका सामग्रीहरूको सङ्कलन गरी विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूको व्याख्या विश्लेषण गरी निगमनात्मक विधिका आधारमा निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## अध्ययनको सीमाङ्कन

'मेरो चोक' कविताका संरचक घटकहरूको अध्ययन शीर्षकको यस लेखमा भूपी शेरचनको 'मेरो चोक' कवितामा मात्र केन्द्रित हुनु यसको कृतिगत सीमा हो । यस कवितामा कविता तत्व अन्तर्गत थुप्रै तत्वहरू समावेश गरिए पनि कविताका तत्वहरूको अध्ययन विश्लेषण गर्नु सैद्धान्तिक सीमा हो भने 'मेरो चोक' कवितामा केन्द्रित रही विषयवस्तु र भाषाशैलीको मात्र अध्ययन विश्लेषण गर्नु यसको प्रायोगिक सीमा हो । यस कवितामा केन्द्रित भएर अन्य थुप्रै व्याख्या विश्लेषण गर्न सकिए तापनि काव्यतत्व अन्तर्गत विषयवस्तु र भाषाशैलीय विन्यासमा केन्द्रित रहेर यसले कविताको पूर्ण संरचनामा के कस्तो प्रभाव पारेको छ भन्ने कुराको अध्ययनमा मात्र केन्द्रित रही कविताको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिनुलाई यस अध्ययनको सीमाङ्कन मानिएको छ ।

## व्याख्या विश्लेषण

आयामगत हिसाबले कविता भन्नाले मुख्यतः फुटकर, खडकाव्य र महाकाव्य भन्ने बुझिन्छ । अन्य साहित्यजस्तै कविताका लागि पनि लयबाहेक अन्य तत्वहरू एउटै पाइन्छन् । कविताका लागि मुख्य तत्वका रूपमा कथ्य, कथन पद्धति, आयाम, शीर्षक, भाषाशैली, संरचना, शिल्प प्रविधि र लय लिने गरिन्छ । तसर्थ यस अध्ययन अन्तर्गत भूपी शेरचनको 'मेरो चोक' कवितालाई कविताका संरचक घटकमध्ये विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरी कविताको व्याख्या विश्लेषण गरिएको छ । कुनै पनि साहित्यिक कृतिलाई निश्चित संरचना प्रदान गर्ने आवश्यक अंगहरू नै कविताका संरचक घटक हुन् । प्रत्येक कृति स्वयम्मा एउटा पूर्ण संरचना हो । यसको निर्माण विभिन्न अवयवहरूको पारस्परिक मेलबाट हुने गर्दछ ।

## 'मेरो चोक' कविताको विषयवस्तु

'मेरो चोक' कविता नेपालको राजधानी काठमाडौंलाई केन्द्रबिन्दु बनाइ रचिएको कविता हो । यस कविताले वर्तमान समयमा सहरिया सभ्यताका नाममा हुने गरेका विकृतिलाई देखाएको छ । विगतको सुन्दर, शान्त राजधानी काठमाडौं वर्तमान समयमा रोग, भोग र शोकबाट ग्रसित हुँदै गइरहेको छ । एउटा साँघुरो

गल्लीभित्रको 'मेरो चोक' मा नभएको केही छैन । अर्थात सबै थोक छ । असख्य रोग छ । अनन्त भोक छ र असीम शोक छ । यहाँ हर्ष छैन किनभने त्यसमाथि रोक अर्थात् प्रतिबन्ध लगाइएको छ । यस चोकमा मानिसले बनाएका देवता र देवताले बनाएका मानिस दुवै बस्दछन् तर ती दुबै थरी उदास र निराश छन् भन्ने भाव कविले व्यक्त गरेका छन् ।

यस अध्ययनमा भूपी शेरचनद्वारा रचित 'मेरो चोक' कवितालाई कविताका संरचक घटकहरूका आधारमा विश्लेषण गरिएको छ । कुनै पनि कवितामा कविले कुनै खास कथ्य वा अर्थको प्रस्तुति गरेको हुन्छ । विषयवस्तुले कथ्यलाई संकेत गर्छ । यस विना कविताको कुनै तात्पर्य रहँदैन । यसैबाट कविताभित्र कविले व्यक्त गरेको भाव वा विचार छुट्याउन सकिन्छ । मानवीय जीवन र जगतका सम्पूर्ण अनुभव र मानवीय भावनालाई यसैद्वारा अभिव्यक्त गरिन्छ । कवितामा यसलाई अनिवार्य तत्व मानिन्छ । कविताका सबै संरचक घटकहरू नभई यहाँ प्रस्तुत् कविताको विषयवस्तु र भाषशैलीय विन्यासको मात्र विश्लेषण गरिएको छ । विषयवस्तु कविताको आधारभूत संरचक घटक हो । कृतिमा बाह्य प्रकाशनको आधारभूत अंश वा सारवस्तु तथा आन्तरिक तत्व वा गुदीलाई विषयवस्तु भनिन्छ । कवितामा पाइने मूल कथ्य नै वस्तु हो र यो कविताको सारभूत अंशका रूपमा रहेको हुन्छ । यसलाई कविताको सबैभन्दा महत्वपूर्ण घटक मानिन्छ । 'मेरो चोक' कवितामा पात्र वर्णित साँघुरो गल्लीमा अवस्थित चोकमा रोग, भोक, शोक रहेको, त्यहाँ हर्ष नभएको र त्यसमाथि रोक लगाइएको, चोकमा एक अर्काद्वारा निर्मित मानिस र देवता दुई थरीको निवास भएको, ती दुवै थरी उदास र निराश रहेको कुरा प्रस्तुत गर्दै ती मानिसहरू उदास र निराश हुनुको कारण दिनभर रूपयाँले टोक्नु र रातभर उपयाँले टोक्नु तथा देवता उदास र निराश हुनुको कारण न कसैले पुज्नु र न कसैले ढोग्नु रहेकोले चोकका निवासी मानिस र देवता एकअर्कालाई धिर्कादै पुर्पुरो ठोकेको प्रसंग कवितामा निम्न साक्ष्यबाट प्रष्ट पार्न सकिन्छ :-

तर यहाँ यी दुबै थरी उदास छन् ।
मानिस उदास छन्
किनकि तिनलाई यहाँ
रात रातभरी उपियाँले टोक्छ ।
दिनभरी रुपियाँले टोक्छ ।
र देवता उदास छन्
किनकि तिनलाई यहाँ
न कसैले पुज्छ, न कसैले ढोग्छ ।
त्यसैले यो चोकमा
देवता र मानिसले
एक अर्कालाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छन् । (घुम्ने मेचमाथि अन्धो मान्छे, पृ. २ )

माथिको साक्ष्यको आधारमा यस कवितामा साँघुरो गल्लीमा रहेका देवता र मानिसको अवस्थालाई

देखाउँदै वर्तमान समयमा काठमाडौंका साघुँरा गल्लीहरूको दयनीय अवस्थाको बारेमा व्याख्या गरिएको छ। कविले सहरिया विकृतिलाई चोक प्रतीक प्रयोगका माध्यमबाट सहरिया सभ्यताका नाममा हुने गरेका अनेकौ विसङ्गतिहरूलाई यहाँ व्यक्त गरेका छन्। कविले आफ्नो चोक सबै नकारात्मक कुराहरूले भरिएको जहाँ हर्षमाथि चाहिँ रोक लगाइएको कुरा उल्लेख गरेका छन्। कविले बयान गरेको चोकमा देवताले बनाएका मानिस र मानिसले बनाएका देवता दुवै उदास र निराश रहेका छन्। किनकि यहाँ यी दुबैले सम्मान पाएका छैनन्। रातभरि उपियाँले र दिनभरि रुपियाँले टोकेका कारण मानिस उदास छन्। न कसैले पुज्ने न कसैले ढोग्ने भएकाले देवता उदास छन्। त्यसैले यी दुवैथरी एकअर्कालाई धिक्कार्दै पुर्पुरो ठोकी रहेका छन्।

'मेरो चोक' कवितामा सबैभन्दा महत्वपूर्ण शब्द 'चोक' हो जहाँ यस शब्दलाई प्रतीकका रूपमा प्रयोग गरिएको छ। कविले चोकलाई देशको प्रतीकका रूपमा प्रयोग गरिएको छ। तत्कालीन राजनीतिक तथा सामाजिक अवस्था, अविकास र गरिबीको अवस्थालाई कविले यस कवितामा देखाएका छन्। यो देश अनगिन्ती रोग, अन्त्यहीन भोक र सीमारहित शोकले आक्रान्त छ भने हर्ष खोजेर पनि नपाइने अवस्थामा छ। यसमा वर्णित नकारात्मक कुराको व्याप्ति र सकारात्मक कुराको अभाव हुनुले यस देशको दयनीय अवस्थालाई जनाउँछ।

कवितामा मानिस र देवता पनि प्रतीकका रूपमा आएका छन्। यहाँ मानिस भन्नाले आम नेपाली नागरिक र देवता भन्नाले शासक वर्गलाई भन्न खोजिएको हो। तसर्थ यहाँका आम जनता र शासक दुबै उदास र निराश छन् किनकि उनीहरूमा एक अर्काप्रति विश्वास र सम्मान छैन। जनता देशमा व्याप्त अभावका कारण दुःखी छन् भने शासक वर्ग आफूलाई आम जनताले सम्मान नगरेका कारण उदास र दुखी छन्। यसरी आम नागरिक रोग, भोक, आर्थिक अभाव आदिका कारणले हर्षरहित छन् भने शासक वर्ग यी सबै अभावबाट मुक्त रहे पनि मान सम्मानको अभावमा हर्षरहित छन्।

कवितामा म मानिस र देवता गरी तीन थरी पात्रलाई सहभागी गराइएको छ। यस कवितामा 'म' पात्र कविको समाख्याताका रूपमा आएको छ भने मानिस र देवता प्रमुख सहभागी पात्रका रूपमा आएका छन्। 'म' पात्रले कवितामा समाजमा आफूले देखेको कुरालाई यथार्थ र व्यङ्ग्यात्मक ढंगले बयान गरेको छ। देवता र मानिसलाई एकअर्काद्वारा निर्मित भएर पनि अभावका कारण उदास र निराश भई एकअर्कालाई धिक्कार्दै बसेका पात्रका रूपमा चित्रित गरिएको छ। कविताका सम्पूर्ण गतिविधि म पात्रको दृष्टिकोणबाट देखाइएको छ। यसरी मेरो चोक कवितामा देशको तत्कालीन अवस्थालाई चोक, मानिस, देवता जस्ता प्रतीकहरू प्रयोग गरी व्यंग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ। यस कविताले सहरमा बसोबास गर्ने निम्न आय भएका नेपाली जनताका दुःख व्यथालाई प्रस्तुत गर्दै काठमाडौं उपत्यकाको गल्लीभित्रको सानो चोकलाई प्रतीक मानेर समग्र नेपाल नै रोग, भोक र शोकबाट ग्रसित बन्दै गइरहेको यथार्थ प्रष्ट पारेका छन्।

**भाषाशैली**

जुनसुकै साहित्यिक विधाका लागि पनि भाषाशैली अनिवार्य तत्व हुन्छ । भाषिक परिष्कार विम्बालङ्कारको प्रयोग, व्यञ्जनात्मक अभिव्यक्ति आदिका माध्यमबाट व्यक्त कवितात्मक अभिव्यक्तिमा उच्च काव्य शिल्प पाइन्छ । यसले कथ्य अर्थलाई रोचक, प्रभावकारी र तीब्र रूपमा प्रस्तुत गर्दछ । शीर्षक केन्दीय भाव बिचको घनिष्टताबाट पनि शैल्पिक विशेषता स्पष्ट हुन्छ । भाषामा सरलता सहजता र स्पष्टता भएमा कवित्व शक्ति अझ प्रभावकारी बन्दछ । गद्य वा पद्य भाषाको प्रयोग पनि कवितामा पाइन्छ । कतै वर्ण, पद, पदावलीको क्रमलाई पनि सुव्यवस्थित बनाएर भाषिक सम्यता थप्न सकिन्छ । कवितालाई उत्कृष्ट बनाउने अभिव्यक्तिको माध्यम नै भाषाशैली हो । 'मेरो चोक' कविता अत्यन्त सरल सहज र स्वभाविक शब्दको प्रयोग गरी मुक्त छन्दमा रचिएको कविता हो । यस कवितामा सरल, सहज, प्राञ्जल भाषाशैलीको प्रयोगका साथै केही व्याकरणिक र आर्थी विचलनको सहजतापूर्वक प्रयोग गरिएको पाइन्छ । यसमा छन्दोबद्ध कवितामा जस्तो पुरै नियोजित विन्यास नगरिएको भए पनि अनियोजित एवम् स्वतः स्फूर्त रूप मै वितरीत भाषिक विन्यासबाट गद्य कवितात्मक लयलाई उत्कर्ष प्रदान गरिएको हुन्छ । यसमा सहज स्वभाविक र स्वतः स्फूर्त ढंगले अनुप्रासीय विन्यास गरिएकाले यो कविता लयात्मक बन्न पुगेको छ ।

'मेरो चोक' कवितामा सरल, सहज, बोधगम्य र आम बोलीचालीको भाषाको प्रयोग गरिएको छ । प्रस्तुत कविता परम्परित छन्दरहित गद्य शैलीमा लेखिएको कविता हो । यस कवितामा सरल भाषाशैलीको प्रयोगका साथै व्याकरणिक र आर्थी विचलनको सहजता पाइन्छ । मुक्त छन्दमा संरचित प्रस्तुत कवितामा नियोजित व्यवस्थापनबाट नभई अनियोजित व्यवस्थापनबाटै काव्यात्मक र लयात्मकता तुल्याइएको छ । कवितामा 'चोक छ', 'थोक छ' 'भोक छ', 'रोग छ', 'शोक छ', 'रोक छ' जस्ता छोटा समध्वन्यात्मक वाक्यको प्रयोग गरिएको छ । यस्ता पदावलीहरूको पुनरावृत्तिबाट अन्त्यानुप्रास सृजना भई कविता लयात्मक बन्न पुगेको छ भन्ने कुरा तलका साक्ष्यबाट प्रस्ट हुन्छ :-

साँघुरो गल्लीमा 'मेरो चोक' छ ।
यहाँ के छैन ? सब थोक छ ।
असङ्ख्य रोग छ
अनन्त भोक छ
असीम शोक छ
केवल हर्ष छैन
यहाँ त्यसमाथि रोक छ ।
साँघुरो गल्लीमा 'मेरो चोक' छ
यहाँ के छैन ? सबथोक छ ।
यो 'मेरो चोक' मा
देवताले बनाएका मानिस र
मानिसले बनाएका देवता

यी दुवै थरीको निवास छ । (घुम्ने मेचमाथि अन्धो मान्छे पृ. १)

माथिको कविताशंका आधारमा हेर्दा मुक्तछन्द र मुक्तलयमा चोक र चोकको परिवेश वर्णित यस कवितामा वर्तमानकालिक क्रियाको प्रयोग गरिएको छ । यसमा रोक् पुज्, ढोग र ठोक् जस्ता समध्वन्यात्मक धातु बाहेक अस्तित्ववाची 'छ' क्रियाको अत्यधिक प्रयोग गरेको पाइन्छ । यसमा प्रयुक्त क्रियाहरू निश्चयार्थ भावका छन् र यहाँ अत्यधिक निश्चयात्मक कथन व्यक्त गरिएको छ । अर्थात् यहाँ छ वा छैन भनी तोकेर भनिएको छ । यहाँ निश्चयार्थ भाव र अस्तित्ववाची क्रियाको प्रयोगबाट कथनमा अत्यधिक बल प्रदान गरिएको छ । यस कवितामा प्राणीवाचक मूर्त कर्ता मानिस र देवता दुईवटा छन् । यी दुबैलाई निष्क्रिय देखाएको छ । कुनै बेला एक अर्कालाई साथी बनाएर यिनीहरू सक्रिय भए पनि चोकको तत्कालीन अवस्थालाई हेर्दा यी दुबै निष्क्रिय र निराश छन् ।

यस कवितामा चोक, मानिस, देवता, साँघुरो गल्ली, उपियाँ, रुपियाँ आदि नवीन प्रतीकका रूपमा आएका छन् । चोकले देशलाई बुझाएको छ भने, मानिसले आम नागरिक र देवताले शासकहरूलाई बुझाएको छ । त्यसैगरी उपियाँले अभाव र असहज परिस्थितिलाई बुझाएको छ भने रुपियाँले आर्थिक अभावलाई बुझाएको छ । यसरी हेर्दा कथ्य र शिल्पको उपयुक्त संयोजनले यस कवितामा उत्कृष्टता थपेको छ । विम्ब प्रतीकहरूको प्रयोगले कविताको भाव समेत खारिएको छ । यसरी हेर्दा यो कविता काव्य सौन्दर्य एवम् भाव प्रयोगका दृष्टिले पनि उत्कृष्ट बन्न पुगेको छ ।

## निष्कर्ष

कवि भूपी शेरचनद्वारा रचित 'मेरो चोक' कविता व्यङ्ग्यात्मक शैलीको प्रयोग गरी रचिएको कविता हो । यस कवितामा तत्कालीन समाज र देशको यथार्थ रूपलाई सरल र सहज भाषामा नवीन प्रतीकहरूको प्रयोग गरी वर्णन गरिएको छ । कविताले सहरिया सभ्यताका नाममा हुने गरेका विकृतिलाई समेत देखाएको छ । कविता गद्य शैलीमा लेखिएको भए पनि यसमा समध्वन्यात्मक शब्दहरूको प्रयोग र अन्त्यानुप्रासहरूको प्रयोगले यसलाई लयात्मक बनाएको छ । प्रस्तुत कविता एउटै मूलभावको वर्तुलाकृत वा वृत्तात्मक विस्तार गरिएको प्रगीतात्मक कविता हो । जसमा कविको आफ्नो विचार 'म' पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । युगीन जनजीवनका व्याप्त नकारात्मक पक्षको बहुलता र सकारात्मक पक्षको शून्यतालाई चोकमा बसोबास गर्ने मानिस र देवताका माध्यमबाट प्रस्तुत गरिएको छ । यस कवितामा चोकको दुरावस्थालाई व्यङ्ग्यात्मक ढङ्गले अभिव्यक्त गरिएको छ । एउटै मूलभावलाई निष्क्रिय सहभागीका माध्यमबाट वर्तुलित ढङ्गले समाख्यान गरिनु र आवश्यकता अनुसार पङ्क्ति र पङ्क्ति पुञ्जको पुनरावृत्ति गरी एउटै विषयका वरिपरि घुमाएर प्रस्तुत गर्नु जस्ता सन्दर्भ र प्रसङ्गबाट यस कवितालाई प्रगीतात्मक संरचनामा सुन्दर ढङ्गले आबद्ध गरेको देखिन्छ । समाख्याताले चोक र चोकका निवासी मानिस तथा देवताका विभिन्न अभावग्रस्तता वा दुरावस्थालाई व्यक्त गरिएको छ । रोग, भोक र शोकबाट सिर्जित हर्ष विहीनता तथा पारस्परिक सद्भाव र अभावजस्ता युगीन यथार्थको प्रकटीकरण गरिएको यस कविताले साँघुरो गल्ली रूपी समाज, राष्ट्र एवम् विश्वबाट रोग, भोक र शोक हटाई हर्ष पैदा गराउनुपर्ने तथा समग्र उन्नति र विकासका लागि मानसिक रूपमा निम्न/शासित वर्ग

र देवता रूपी उच्च/शासक वर्गका बिचमा रहेको आपसी वैमनस्यता हटाई मेलमिलापपूर्ण वातावरणको सिर्जना गर्नुपर्छ। अर्थात् प्रत्येक समाज, राष्ट्र र विश्वको समुन्नतिका लागि सबैका बिचमा सदाचार, भ्रातृत्व जस्ता प्रवृतिको विकास हुनुपर्छ भन्ने सन्देश यस कविताले दिएको छ। नवीन प्रतीकका माध्यमबाट जनतालाई रोग, भोक र शोकबाट मुक्त गराइ आर्थिक रूपमा सबल बनाउनुपर्छ भन्ने आशय यहाँ व्यक्त गरिएको छ। यो कविता गद्य शैलीमा लेखिएको भए पनि समध्वन्यात्मक भाषिक एकाइको पुनरावृत्ति र विचलनयुक्त विशिष्ट भाषिक विन्यासका कारण समग्र कविताको विषयवस्तु र भाषाशैली उत्कृष्ट र व्यङ्ग्यात्मक बन्न पुगेको निष्कर्ष यहाँ निकालिएको छ।

## सन्दर्भ ग्रन्थ सूची

गिरी, अमर, पौडेल, हेमनाथ, र गौतम, लक्ष्मणप्रसाद (२०७२). *प्रज्ञाः समकालीन नेपाली कविता विमर्श.* नेपाल प्रज्ञा प्रतिष्ठान।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* पैरवी प्रकाशन।

त्रिपाठी, वासुदेव न्यौपाने. दैवज्ञराज र सुवेदी, केशव (२०४६). *नेपाली कविता (भाग ४),* साझा प्रकाशन।

न्यौपाने, श्रीराम (२०६०). *नेपाली काव्य नाटक र इतिहास.* पैरवी प्रकाशन।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६७). *नेपाली काव्य समालोचना.* पैरवी प्रकाशन।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* नेपाल प्रज्ञा प्रतिष्ठान।

शर्मा, मोहनराज (२०७८). *समालोचनाका नयाँ कोण.* ओरिएन्टल पब्लिकेसन हाउस।

शर्मा, सोमनाथ (२०५८). *साहित्य प्रदीप.* विद्यार्थी पुस्तक भण्डार।

शेरचन, भूपी (२०६२). *घुम्ने मेचमाथि अन्धो मान्छे. (ए. सं).* साझा प्रकाशन।

https://ghodasainik.blogspot.com/2022/06/email-ghodasaini2017gmail.html